त्रिभुवन विश्वविद्यालय
# विज्ञान तथा प्रविधि अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

मिति : २०७७।१।२८

पत्र सङ्ख्या
च.नं. ६६६।९८।१८५

श्री क्याम्पस प्रमुखज्यू,
..............................,
.............................. ।

**विषय : छात्रवृत्ति उपलब्ध गराएको विवरण पेश गर्ने बारे ।**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत स्नातक तथा स्नातकोत्तर तहमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई भर्ना संख्याको १० प्रतिशत विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने गरी पत्राचार भएकोमा हाल सो छात्रवृत्तिको विवरण आवश्यक भएकोले विगत ३ वर्ष देखि त्यस क्याम्पस/कलेजबाट छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको विवरण ७ दिन भित्रमा यस कार्यालयमा पेश गर्नु हुन अनुरोध गर्दछु । साथै विगत वर्षहरुमा झैं यस वर्ष र आगामी वर्षहरुमा समेत तपसिल अनुसार छात्रवृत्ति प्रदान गर्न गराउनु हुन अनुरोध छ ।

क) निःशुल्क छात्रवृत्ति अन्तर्गत स्नातक कार्यक्रमको लागि विद्यार्थीले सार्वजनिक विद्यालयबाट एस.एल.सी./एस.ई.ई. उतीर्ण गरी आंगिक क्याम्पस वा सामुदायिक क्याम्पसबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको तह उतीर्ण गरेको हुनु पर्ने ।

वा

सार्वजनिक विद्यालयबाट एस.एल.सी./एस.ई.ई. उतीर्ण गरी त्रि.वि.का आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस वा अन्य मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरेको ।

ख) छात्रवृत्ति प्रदान गर्दा क्याम्पस/कलेजले १० प्रतिशत कोटामा माथि उल्लेख भए अनुसार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी कोटा बाँकी रहन गएमा बाँकी छात्रवृत्ति सिटमा प्रवेश परीक्षाको मेरिटका आधारमा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने ।

ग) भर्ना कोटा अनुसार छात्रवृत्ति प्रदान गर्ने क्रममा छात्रवृत्ति कोटा दशमलवमा आएमा दशमलव पछाडिको ५ सम्मलाई अगाडिको अंकमा कायम गर्ने र सो पछाडिको ६ देखि माथि ९ सम्मलाई माथिल्लो अंक कायम गर्ने (जस्तै : १.५ सम्मलाई १ कायम गर्ने र १.६ देखि १.९ सम्मलाई २ कायम गर्ने) ।

..............................
प्रा.डा.विनिल अर्याल
डीन